प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो **महाराजगंज** काठमाडौं
**"दण्डहिनता विरुद्ध CIB को अभियान"**

**बिषय:-** प्रेस विज्ञप्ती

मिति २०७६/०८/२९ गते।

**"१५ बर्ष अघि धारिलो हतियार प्रहार गरी हत्या गर्ने २ जना आरोपीहरू पक्राउ"**

**घटना विवरण :**

मिति २०६१/०१/२६ गते जिल्ला नुवाकोट साविक गोर्स्याङ गा.वि.स. वडा नं.२ हालको तार्केश्वर गाउँपालिका वडा नं. ५ बस्ने जाहेरवाला वाङ्देन लामाको छोरो बर्ष १५ को लैलु लामालाई ऐ.ऐ. वडा नं. ४ कर्छिन्टे स्थित फ्याङबो तामाङको घरमा घेवा हेर्न गएको अवस्थामा अं. २१:०० बजेको समयमा जिल्ला नुवाकोट साविक गोर्स्याङ गा.वि.स.८ हाल तार्केश्वर गाउँपालिका वडा नं. ५ बस्ने सन्त बहादुर तामाङ्ग र ऐ. बस्ने केशब लामा समेत ४ जनाले टोल टोलको झगडाको विषयलाई लिएर कुटपिट गरी गम्भिर घाईते बनाएकोमा उपचारको क्रममा मिति २०६१/०१/२९ गते त्रिशुली अस्पतालमा मृत्यु भएको कर्तव्य ज्यान मुद्दाका वारदात पश्चात हालसम्म फरार रहेका प्रतिवादीहरु सन्त बहादुर तामाङ्गलाई मिति २०७६/०८/२८ गते १७:०० बजेको समयमा जिल्ला काठमाण्डौं नागार्जुन न.पा.वडा नं. २ नाम्गेल चोकबाट र केशब लामालाई ऐ. मितिको १७:३० बजेको समयमा जिल्ला काठमाण्डौं का.म.न.पा. १७ ढल्कुबाट प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोबाट खटिएको विशेष टोलिले पक्राउ गरेकोमा निज पक्राउ प्रतिबादीहरूलाई आवश्यक कारवाहीको लागि मिति २०७६/०८/२९ गते जिल्ला प्रहरी कार्यालय नुवाकोट पठाईएको।

**पक्राउ प्रतिवादीहरूको विवरण:**

| | | |
|---|---|---|
| १. | **नाम** | : सन्त बहादुर तामाङ्ग |
| | **उमेर** | : तत्काल २५ वर्ष, हाल ४० वर्ष |
| | **ठेगाना** | : जिल्ला नुवाकोट साविक गोर्स्याङ गा.वि.स. वडा नं. ८ हाल तार्केश्वर गा.पा. वडा नं. ५ |
| | **पेशा** | : डण्डी/फर्मा (ठेकेदार) |
| | **शै. यो.** | : ८ कक्षा पास |
| | **पक्राउ मिति** | : २०७६/०८/२८ गते। |
| | **पक्राउ स्थान** | : जिल्ला काठमाण्डौं नागार्जुन न.पा.वडा नं. २ नाम्गेल चोक |
| २. | **नाम** | : केशब लामा |
| | **उमेर** | : तत्काल १७ बर्ष, हाल ३२ वर्ष |
| | **ठेगाना** | : जिल्ला नुवाकोट साविक गोर्स्याङ गा.वि.स. वडा नं. ८ हाल तार्केश्वर गा.पा. वडा नं. ५ |
| | **पेशा** | : डण्डी / फर्मा काम गर्ने |
| | **शै. यो.** | : ५ कक्षा पास |
| | **पक्राउ मिति** | : २०७६/०८/२८ गते। |
| | **पक्राउ स्थान** | : जिल्ला काठमाण्डौं का.म.न.पा. १७ ढल्कु |

**प्रहरी उपरीक्षक**
**(वेल बहादुर पाण्डे)**
**प्रवक्ता**
**सम्पर्क नंबर:- ९८५१२९१३११**